बैठक नं. ६/(२०८०-२०८१)/

आज मिति २०८० साल पौष १३ गते भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्ती ज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक वसी निम्नानुसार निर्णय गरियो।

**उपस्थिति**

| क्र स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | |
| २ | श्री सिता जैसी | नगर उप प्रमुख | |
| ३ | श्री दिपक राना | वडा अध्यक्ष | |
| ४ | श्री भीम बहादुर कार्की | वडा अध्यक्ष | |
| ५ | श्री ~~लिला बहादुर सिंह~~ | वडा अध्यक्ष | |
| ६ | श्री बसन्त प्रसाद शर्मा | वडा अध्यक्ष | |
| ७ | श्री लाल बहादुर चन्द | वडा अध्यक्ष | |
| ८ | श्री शशिराम बुढा | वडा अध्यक्ष | |
| ९ | श्री दिप बहादुर शाही | वडा अध्यक्ष | |
| १० | श्री वीर बहादुर चन्द | वडा अध्यक्ष | |
| ११ | श्री हिरा प्रसाद शर्मा | वडा अध्यक्ष | |
| १२ | श्री ~~दल्ले बहादुर सन्नो~~ | वडा अध्यक्ष | |
| १३ | श्री लक्ष्मी प्रसाद जैसी | वडा अध्यक्ष | |
| १४ | श्री भक्त बहादुर मल्ल | वडा अध्यक्ष | |
| १५ | श्री यज्ञ बहादुर बटाला | वडा अध्यक्ष | |
| १६ | श्री लिला देवी गौतम वि.क | कार्यपालिका सदस्य | |
| १७ | श्री मोती नेपाली | कार्यपालिका सदस्य | |
| १८ | श्री सृजना घर्ती | कार्यपालिका सदस्य | |
| १९ | श्री भिम कुमारी पुन | कार्यपालिका सदस्य | |
| २० | श्री काली खत्री | कार्यपालिका सदस्य | |
| २१ | श्री मनिराम दमाई | कार्यपालिका सदस्य | |
| २२ | श्री गोपाल लोहार | कार्यपालिका सदस्य | |
| २३ | श्री डोटे नेपाली बादी | कार्यपालिका सदस्य | |
| २४ | श्री दल बहादुर घर्ती | नि प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित | |
| २५ | अनिश शाह | अधिकृत | |
| २६ | सुधा हमाल | अधिकृत | |
| २७ | प्रकाश बटाला | अधिकृत | |
| २८ | सुर्य प्रसाद लम्साल | अधिकृत | |
| २९ | राजेन्द्र बहादुर कठायत | लेखापाल | |

CamScanner

निर्णयहरु

१. चालु आ.व. को हिउदे नगरसभा (विधायन सभा) निम्नानुसार सम्पन्न गर्ने ।

- कार्यपालिका वैठक मिति : २०८०।९।२६दिउँसो १:०० वजे
- सभा संचालन तथा सम्पन्न मिति :२०८०।९।२८-२९ गते सम्म

२. भुकम्पपछिको पुनरनिर्माण कार्यमा नगरपालिकाले अनुसरण गर्ने नीति निर्माणकोलागि यस नगरपालिकाका विभिन्न विषयगत समितिहरु (पूर्वाधार विकास समिति/सामाजिक विकास समित/ वन-वातावरण तथा विपद् व्यवस्थापन समित/ आर्थिक विकास समित र संस्थागत विकास तथा सुशासन समिति) ले आ -आफ्नो विषयगत क्षेत्र वमोजिम छलफल तथा बैठक मार्फत रायसुझाव संकलन गरी तय गरिने आवस्यक नीतिका सम्वन्धमा मिति २०८०।९।२३ गते भित्र आगामी कार्यपालिका वैठकमा पेश हुनेगरी सवै विषयगत समितिले प्रतिवेदन पेश गर्ने ।

३.चालु आ.व. ०८०/८१को प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत मिति २०८०।८।१ गतेको कार्यपालिका वैठकले छनौट गरेका योजनाहरु प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५वमोजिम रित नपुगेका कारण तपशिलमा उल्लेखित वडाका योजनाहरु पुन: निम्नानुसार पुनरछनौट गरी कार्यान्वयन गर्ने ।

तपशिल

| वडा नं | मिति २०८०।८।१ गते छनौट गरिएका योजनाहरु | हाल पुनर छनौट गरिएका योजनाहरु |
|---|---|---|
| ५ | - केवलेदेखि खोपी हुदै लेकटोल चोत्री विसाउना सम्म घोरेटो बाटो निर्माण विनियोजित वजेट रु १ लाख ५० हजार | - केवलेदेखि खोपी हुदै लेकटोल चोत्री विसाउना सम्म घोरेटो बाटो निर्माण विनियोजित वजेट रु १ लाख ६० हजार |
| | -सहन टोल देखि स्याउली सम्म नाली निर्माण वजेट रु १ लाख ५० हजार | - सिता बुढाको घरदेखि ढुंगेखानी हुदै छिन्चु जाजरकोट सडकसम्म घोरेटो बाटो निर्माण वजेट रु १ लाख ८० हजार |
| | -ढुंगेखानी देखि सिता बुढाको घरसम्म र ढुंगेखानीदेखि छिन्चु जाजरकोट बाटोसम्म घोरेटो बाटो निर्माण वजेट रु १ लाख ५० हजार | -सहन टोल देखि स्याउली सम्म नाली निर्माण वजेट रु १ लाख ६० हजार |
| | -आटादेखि स्याँला सम्म घोरेटो बाटो निर्माण वजेट रु ५० हजार | |
| ७ | -ओखारा मन बहादुरको घरदेखि गोतेखोला हुदै बाग्दुला सम्म घोरेटो बाटो निर्माण बजेट रु १ लाख | -गहता देखि चन्द्र ज्योति आ.वि. सम्म घोरेटो बाटो निर्माण बजेट रु २ लाख ५० हजार |
| | -गहता देखि चन्द्र ज्योति आ.वि. सम्म घोरेटो बाटो निर्माण वजेट रु २ लाख | -दहदेखि गैरा खडेना हुदै माथिल्लो रुपाकोट घोरेटो बाटो निर्माण बजेट रु २ लाख ५० हजार |
| | -दहदेखि गैरा खडेना हुदै माथिल्लो रुपाकोट घोरेटो बाटो निर्माण बजेट रु २ लाख | |
| १० | - जनता प्रा. वि. भवन निर्माण बजेट रु ३ लाख ५०हजार | -- जनता प्रा. वि. भवन निर्माण बजेट रु २ लाख ९०हजार |
| | -कुण्डलि नाथ मन्दिर निर्माण बजेट रु १लाख ५० हजार | -कुण्डलि नाथ मन्दिर निर्माण बजेट रु १लाख ५५ हजार |
| | -मष्ट मन्दिर निर्माण वजेट रु १ लाख | -मष्ट मन्दिर निर्माण वजेट रु १ लाख ५५ हजार |



CamScanner

नोट : वडा नं.१० को मष्ट मन्दिर निर्माण योजनमा विनियोजन भएको रु १ लाख बजेट उल्लेखित योजना कटौति गरि वडा नं ९ मा छनौट भएका २ गोटा योजनाहरुमा प्रति योजना रु ५० हजार वजेट थप गरिएको छ ।

४. भूकम्प प्रभावित वडाहरुमा राहत वितरण गर्दा राहत सामग्री ढूवानी गरेका ढूवानि साधनहरुलाई प्रति वडा निम्नानुसार ढूवानि रकम विपद व्यवस्थापन कोषबाट भूक्तानी गर्ने ।

तपशिल

| वडा नं | भूक्तानि रकम रु | कैफियत |
|---|---|---|
| १ | ५५ हजार ६शय | कर सहित |
| २ | ५५ हजार ६शय | कर सहित |
| ३ | २२ हजार ३ शय | कर सहित |
| ४ | २२ हजार ३ शय | कर सहित |
| ५ | ४४ हजार ५ शय | कर सहित |
| ६ | ४४ हजार ५ शय | कर सहित |
| ७ | ४४ हजार ५ शय | कर सहित |
| ८ | ३८ हजार ९ शय | कर सहित |
| ९ | ४४ हजार ५ शय | कर सहित |
| १० | ४४ हजार ५ शय | कर सहित |
| ११ | ३८ हजार ९ शय | कर सहित |
| १२ | ३८ हजार ९ शय | कर सहित |
| १३ | ३३ हजार ५ शय | कर सहित |
| कुल जम्मा रकम | ५लाख २८ हजार ५ शय रुपैया मात्र | |

५. राष्ट्रिय परिचय पत्र निर्माण अभियान अन्तर्गत जिल्ला प्रशासन कार्यालय मार्फत खट्टिई आएका प्राविधिक जनशक्तिलाई खाना तथा आवास वापत सवै वडामा प्रति वडा एकमुष्ट रु २० हजार संघिय सरकार राजस्व बाँडफाँड अन्तर्गत कार्यक्रम वजेट शिर्षकवाट भूक्तानी लेखे ।

६. नगरपालिका अन्तर्गत निर्माण गरिने वडा कार्यालय तथा नगर स्वास्थ्यका भवन संरचना निर्माण गर्दा निर्माण कार्य गर्नु अगावै संस्थाको आफ्नै स्वामित्वमा जग्गा उपलव्ध भएको हकमा नियमानुसार टेन्डर प्रक्रिया मार्फत र जग्गा उपलव्ध नभएको हकमा संस्थालाई जग्गा दान दिने दाताहरुलाई समेत समेटि उपभोक्ता समिति गठन गरि सम्वन्धित दाताहरु सम्मलित उपभोक्ता समिति मार्फत निर्माण कार्य गर्ने गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउनकार्यालयलाई निर्देशन दिने ।

७. गत नगरसभाले निर्धारण गरेको सिमानाभित्र वडा नं ४ को वडा कार्यालय भवन निर्माणकोलागि IEE सहित DPR तयार गर्न कार्यालयलाई निर्देशन दिने।

८. गत आ.व.२०७९/८० को प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फको वडा नं १३ को मेलसोता देखि उपाध्यायगाउँ सम्म सडक निर्माण योजनामा रु ९ लाख २४ हजार वजेट विनियोजन भई निर्माण कार्य सम्पन्न भएको तर उल्लेखित कार्यक्रमको कार्यविधि विपरित डोजर प्रयोग गरि कार्यसम्पन्न गरेको भनि उजुरी आएको कारण सो योजनाको उल्लेखित बजेट शिर्षकवाट



CamScanner

भूक्तानि हुन नसकेको र  कार्यपालिकाको मिति २०८०।५।३० को निर्णय नं ६ वमोजिम उक्त योजनाको श्रमिक समूह तथा वडा समितिवाट समेत सो योजनाको भूक्तानि छुट रकम भुक्तानिकालागि अनुरोध भई आएकोले  प्राविधिकले गरेको मूल्यांकनका आधारमा रु ७ लाख ४९ हजार चालु आ.व. को स्वीकृत विनियोजन ऐनको गत वर्षका भूक्तानि दिन वाँकी वजेट शिर्षकमा विनियोजित वजेटवाट भूक्तानि गर्न स्वीकृतिकालागि नगरसभामा पेश गर्ने ।

९. सुरक्षित घर तथा आवास निर्माण कार्यलाई प्रभावकारी कार्यान्वियनकालागि सवै वडाले नक्सा पास अनिवार्य लागु गर्ने - गराउने ।

१०.  सम्वन्धित स्थानीय वासिहरुको माग वमोजिम तपशिलमा उल्लेखित स्थानहरुमा झोलुङ्गे पुल निर्माणकालागि सस्पेन्सन व्रिज डिविजन ललितपुर काठमाडौंलाई अनुरोध गर्ने ।

तपशिल

क) वडा नं ४ को गैरीखालि देखि वडा नं २ को रिसाङ्ग सम्म झोलुङ्गे पुल निर्माण

ख) वडा नं १ को रावतगाउँ  सिमलको रुख देखि शिवालय सम्म जोड्ने झोलुङ्गे पुल निर्माण

११. भेरी नगरपालिकाको पोषणमैत्री वडा घोषणा कार्यविधि, २०८० स्वीकृत गरियो ।

१२. वडा नं ७ को सरङ्गे नाच समूहले लोपउन्मुख अवस्थामा रहेको सरङ्गे नाचको गर्रा तथा ड्रेसको खरिदकालागि आर्थक सहयोग माग गरेकोमा गत वर्षको अल्या रकम तर्फ विनियोजित युवा खेलकुद संचालन, सामाजिक साँस्कृतिक संरक्षण तथा प्रवर्द्धन एवं विपद व्यवस्थापन  वजेट शिर्षकमा विनियोजित वजेटवाट   विल भर्पाईका आधारमा अधिकतम रु ३० हजार भूक्तानि दिने।

१३. चालु आ व ०८०/८१ मा कर्णाली प्रदेश सरकार मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस नगरपालिकाको वडा नं ५मा तल्लो केवले धारा देखि वडा कार्यालय काफलचौर सम्म लिफ्ट खानेपानी निर्माण योजनामा रु १५ लाख वजेट विनियोजन भई आएकोमा उक्त योजना प्राविधिक रुपले जटिल तथा आर्थिक रुपले सम्पन्न हुन कठिन देखिएकाले उक्त योजनाको सट्टामा वडा कार्यालयको सिफारिश वमोजिम उक्त वडाको खोपी पल्लो नाउलो वल्लो नाउली खानेपानी संकलन टंकि निर्माण वडा नं -५,योजना कार्यान्वयन गर्ने गरि संशोधनकालागि  कर्णाली प्रदेश मुख्यमन्त्री कार्यालयमा सिफारिश गर्ने ।

१४. भूकम्प प्रभावित घरपरिवारलाई अस्थायी अनुदान कार्यविधि, २०८० वमोजिम लाभग्राही कायम भएका व्यक्तिहरुको लाभग्राही कायम गर्दा  कार्यविधि वमोजिम मापदण्ड कायम भए नभएको विषयलाई  एकिन गरी  अस्थायी आवास निर्माणको दोश्रो किस्ता भुक्तानिकालागि समेत सिफारिश गर्ने प्रयोजनकालागि निम्नानुसार अनुगमन कलस्टर तय गरी उल्लेख भए वमोजिम अनुगमन समित गठन गरियो ।

तपशिल

क) कलस्टसर नं -१ (वडा नं १,२,३)

- वडाध्यक्ष श्री लक्ष्मी प्रसाद जैसी (वडा नं -११)                - संयोजक

- वडाध्यक्ष श्री भक्त बहादुर मल्ल (वडा नं -१२) - सदस्य
- वडाध्यक्ष श्री यज्ञ बहादुर बटाला (वडा नं -१३) - सदस्य
- वडाध्यक्ष श्री दल बहादुर राना (वडा नं -१०) - सदस्य
- कार्यपालिका सदस्य श्री गोपाले लुहार - सदस्य
- कार्यपालिका सदस्य श्री भिम कुमारी पुन - सदस्य
- राजस्व शाखा प्रमुख श्री प्रकाश बटाला /सम्वन्धित वडाको प्राविधिक - सदस्य सचिव

ख) कलस्टसर नं -२ (वडा नं ४,५र६)

- वडाध्यक्ष श्री दिपक राना (वडा नं -१) - संयोजक
- वडाध्यक्ष श्री भिम बहादुर कार्की (वडा नं -२) - सदस्य
- वडाध्यक्ष श्री लिला बहादुर शाह (वडा नं -३) - सदस्य
- कार्यपालिका सदस्य श्री मनिराम परियार - सदस्य
- कार्यपालिका सदस्य श्री लिला देवी गौतम - सदस्य
- योजना शाखा प्रमुख श्री अनिश शाह /सम्वन्धित वडाको प्राविधिक - सदस्य सचिव

ग) कलस्टसर नं -३ (वडा नं ७,८,९र १०)

- वडाध्यक्ष श्री शशिराम बुढा (वडा नं -६) - संयोजक
- वडाध्यक्ष श्री वसन्त प्रसाद शर्मा (वडा नं -४) - सदस्य
- वडाध्यक्ष श्री लाल बहादुर चन्द (वडा नं -५) - सदस्य
- कार्यपालिका सदस्य श्री डोटे नेपाली - सदस्य
- कार्यपालिका सदस्य श्री सिर्जना घर्ती - सदस्य
- विपद व्यवस्थापन शाखा प्रमुख श्री यज्ञ नाथ गौतम /सम्वन्धित वडाको प्राविधिक - सदस्य सचिव

घ) कलस्टसर नं -४ (वडा नं ११,१२ र १३)

- वडाध्यक्ष श्री दिप बहादुर शाही (वडा नं -७) - संयोजक
- वडाध्यक्ष श्री वीर बहादुर चन्द (वडा नं -८) - सदस्य
- वडाध्यक्ष श्री हिरा प्रसाद शर्मा (वडा नं -९) - सदस्य
- कार्यपालिका सदस्य श्री कालि खत्री - सदस्य
- कार्यपालिका सदस्य श्री मोति नेपाली - सदस्य
- योजना सहायक श्री केदार बहादुर कार्की/सम्वन्धित वडाको प्राविधिक - सदस्य सचिव

१५. नगरपालिकाको कार्यालयका विभिन्न शाखामा फायल अभिलेख व्यवस्थित गर्ने प्रयोजनकालागि र्याक तथा टेवुलहरु निर्माण गर्न गत वर्षको अंल्या रकमको विनियोजित हाते औजार तथा सुरक्षा सामग्री खरिद विल भूक्तानि खर्च शिर्षकबाट रकमान्तर गरी भूक्तानि लेखे ।

CamScanner